संघीय संसद

**प्रतिनिधि सभा**

# शिक्षा तथा स्वास्थ्य समिति

## गेटा मेडिकल कलेज, कैलालीको स्थलगत अनुगमन, अध्ययन भ्रमणको प्रतिवेदन, २०७९


शिक्षा तथा स्वास्थ्य समिति सचिवालय

सिंहदरवार, काठमाडौं ।

फोन नं.- ०१ ४२११८६५

email:education.health.c@gmail.com

URL: https://hr.parliament.gov.np

**अनुगमन टोलीमा रहनु भएका समितिका माननीय सदस्यहरु:**

१. माननीय योगेश भट्टराई,

२. माननीय मानबहादुर विश्वकर्मा,

३. माननीय चित्रलेखा यादव,

४. माननीय नवीना लामा,

५. माननीय अञ्जना विशंखे

**आमन्त्रित सदस्यहरु:**

१. माननीय नारदमुनि राना

२. माननीय डा. दीपक प्रकाश भट्ट

# गेटा मेडिकल कलेज, कैलालीको स्थलगत अनुगमन, अध्ययन भ्रमणको प्रतिवेदन

## परिचय

प्रतिनिधि सभा शिक्षा तथा स्वास्थ्य समितिको मिति २०७९ असार १३ गतेको निर्णयले गेटा मेडिकल कलेज, कैलालीको स्थलगत अनुगमन भ्रमण गर्न माननीय योगेश भट्टराईको संयोजकत्वमा शिक्षा तथा स्वास्थ्य समितिका पाँच जना माननीय सदस्यहरु र दुई जना आमन्त्रित स्थानीय माननीय सदस्यहरु गरी सात सदस्यीय संसदीय अनुगमन टोली गठन भएको थियो । सो संसदीय टोलीले मिति २०७९ असार २६ र २७ गते गेटा मेडिकल कलेज, कैलालीको स्थलगत अनुगमन, अध्ययन भ्रमण गरेको छ ।

भ्रमण टोलीमा रहनुभएका समितिका माननीय सदस्यहरुको नामावली यस प्रकार रहेको छः-

१. माननीय योगेश भट्टराई,
२. माननीय मानबहादुर विश्वकर्मा,
३. माननीय चित्रलेखा यादव,
४. माननीय नवीना लामा,
५. माननीय अञ्जना विशंखे

भ्रमण टोलीमा रहनुभएका आमन्त्रित माननीय सदस्यहरुको नामावली यस प्रकार रहेको छः-

१. माननीय नारदमुनि राना
२. माननीय डा. दीपक प्रकाश भट्ट

## पृष्ठभूमी

गेटा मेडिकल कलेज गोदाबारी-५, गेटा, कैलाली, सुदूर पश्चिममा अवस्थित छ । यस कलेजको सम्भाव्यता अध्ययनका लागि सर्वप्रथम २०६५ सालमा वजेट छुट्याइएको थियो । यस कलेजको संरचना निर्माणका लागि सर्वप्रथम २०६६ सालमा 'मेडिकल कलेज संरचना निर्माण विकास समिति' को गठन विकास ऐन, २०१३ अन्तर्गत भएको थियो भने समितिको हेरफेर पहिलो पटक २०६८ सालमा भएको थियो । यस कलेजको भौतिक पूर्वाधार निर्माण आ.व. २०७०/०७१ देखि सुरु भएको थियो । सरकारको वार्षिक नीति तथा कार्यक्रममा गेटा मेडिकल कलेज सुदूरपश्चिम विश्वविद्यालयको सम्बन्धमा सञ्चालनमा ल्याइने उल्लेख गरेको छ।

स्थलगत अवलोकनको सारांश

संसदीय टोलीले करिब ३ घण्टाको अनुगमन अवधिमा कलेजमा निर्माण भईसकेका मुख्य संरचनाहरु र निर्माणाधीन योजनाहरु अनुगमन गरी आवश्यक जानकारी लिएको छ । सो अनुगमन टोलीलाई सहजीकरण गरिदिन र आवश्यक जानकारी प्रदान गर्न मेडिकल कलेजका कार्यकारी निर्देशक हेमराज पुजारा, योजना इन्जिनियर पवन रावल र नवनियुक्त निर्देशक डा. प्रमोद जोशीको समेत उपस्थिति रहेको थियो।

सो संसदीय टोलीले कक्षाकोठा, ई-लाइब्रेरी, छात्रावास, शिक्षक/कर्मचारी आवास, अस्पताल सञ्चालनका प्रशासनिकसमेत गरी दुईवटा भवन, आ.ई सी. यू., इमरजेन्सी वार्ड, बिरामी कुरुवा कक्ष, रोग विज्ञान अनुसन्धान ल्याब, शवघर, अक्सिजन प्लान्ट भवन, लाउन्ड्री भवन, क्यान्टिन, इलेक्ट्रोनिक भवन, सूचना प्रविधि कक्ष इत्यादिको निरीक्षण गरेको थियो ।

अन्तर्क्रिया कार्यक्रमः

अन्तर्क्रिया कार्यक्रम मिति २०७९ असार २६ गते समितिका ज्येष्ठ सदस्य माननीय मानबहादुर विश्वकर्माको अध्यक्षतामा दिउसो २ बजे सुरु भएर बेलुका ५.३० बजेसम्म सम्पन्न भएको थियो । सो कार्यक्रममा देहाय बमोजिमका व्यक्तित्वहरुको उपस्थिति रहेको थियो।

१. मा. भरत खड्का, सांसद, सुदूर पश्चिम प्रदेश
२. मा. लिलाधर भट्ट, सांसद, सुदूर पश्चिम प्रदेश
३. श्री गोपाल हमाल, मेयर, धनगढी उप-महानगरपालिका, कैलाली
४. श्री वीरेन्द्र भट्ट, मेयर, गोदाबारी नगरपालिका, कैलाली
५. श्री कन्दकला राना, उपमेयर, धनगढी उप-महानगरपालिका, कैलाली
६. डा. प्रमोद जोशी, निर्देशक, गेटा मेडिकल कलेज, कैलाली
७. श्री हेमराज पूजारा, कार्यकारी निर्देशक, गेटा मेडिकल कलेज, कैलाली
८. डा. हेमराज पन्त, पूर्व रजिष्ट्रार, सुदूर पश्चिम विश्वविद्यालय
९. डा. केदार चन्द्र भट्ट, नागरिक समाज, कैलाली
१०. ई. पवन रावल, इन्जिनियर, गेटा मेडिकल कलेज, कैलाली
११. श्री लोकराज पाण्डे, संयोजक, संघर्ष समिति, गेटा मेडिकल कलेज, कैलाली

यी बाहेक, उक्त कार्यक्रममा नागरिक समाजका अगुवाहरु, कैलाली पत्रकार महासंघ, धनगढी उद्योग वाणिज्य महासंघ, कैलाली जिल्लाका बिभिन्न राजनीतिक दलका प्रतिनिधि, स्थानीय बुद्धिजीवी साथै सर्वसाधारणहरुको उपस्थिति रहेको थियो।

सुझावहरुः

धनगढीका मेयर श्री गोपाल हमालले गेटा मेडिकल कलेजलाई चुनावी फन्डा नबनाई सकेसम्म चाँडो भन्दा चाँडो सञ्चालनमा ल्याउनुपर्ने सुझाव दिएका छन् ।

गोदाबरी नगरपालिकाका मेयर श्री वीरेन्द्र भट्टले सुदूरपश्चिममा मेडिकल कलेज बने यस क्षेत्रका बासिन्दाले सामान्य बिरामी हुँदा पनि भारत जानुपर्ने समस्याबाट मुक्त हुने भएकाले सो कार्य सकेसम्म चाँडो अगाडि बढाउनुपर्ने सुझाव दिएका छन् ।

सुदूरपश्चिम विश्वविद्यालयका पूर्वरजिस्टार डा. हेमराज पन्तले मेडिकल कलेजका लागि मुलुककै सबैभन्दा बढि र आधुनिक संरचना गेटामा बनेकाले यसलाई विश्वविद्यालयकै रुपमा स्थापना गरी शिक्षा मन्त्रालयले नै सञ्चालन गर्दा वेश होला भन्ने सुझाव दिएका छन् ।

नागरिक समाजका अगुवा डा. केदार चन्द्र भट्टले गेटा मेडिकल कलेजको पूर्वाधारहरुले मेडिकल कलेज बन्ने सम्पूर्ण योग्यता पार गरिसकेकोले मेडिकल कलेज सञ्चालनमा ढिला गर्न नहुने सुझाव दिएका छन् ।

निर्देशक डा.प्रमोद जोशीले मेडिकल विश्वविद्यालय, स्वास्थ्य विज्ञान प्रतिष्ठान वा मेडिकल कलेज जुन मोडेलमा गए पनि पहिले अस्पताल सञ्चालनमा ल्याउनुपर्ने सुझाव दिएका छन्। साथै मेडिकल कलेज खोल्नका लागि तीन सय शय्याको अस्पताल तीन वर्षदेखि सञ्चालनमा रहेको हुनुपर्ने अनिवार्य प्रावधान रहेका कारण पहिले अस्पताल सञ्चालन गर्नुपर्ने पनि सुझाव दिएका छन् ।

कार्यकारी निर्देशक श्री हेमराज पुजाराले सरकारले उपकरण र जनशक्तिको व्यवस्थापन चाँडो गरिदिए मेडिकल कलेज पनि चाँडै सञ्चालनमा आउन सक्ने सुझाव दिएका छन् । मेडिकल विश्वविद्यालयका लागि निर्माण गरिएको संघर्ष समितिका संयोजक लोकराज पाण्डेलगायत माननीय नारदमुनी राना, माननीय डा. दीपक प्रकाश भट्ट, प्रदेश सभाका माननीयहरु, विभिन्न राजनीतिक दलका प्रतिनिधि सहित अन्तरक्रियामा सहभागी अधिकांश व्यक्तिहरूले गेटालाई चिकित्सा विश्वविद्यालयका रुपमा स्थापना गरी संचालन गर्नुपर्ने राय प्रकट गर्नुभएको छ।

**गेटाको हालको अवस्था**

गेटामा ६०० शय्याको अस्पताल र मेडिकल कलेज सञ्चालनका लागि आवश्यक सबै भौतिक संरचना निर्माणको अन्तिम चरणमा पुगेको छ । ५ अर्बको लगानीमा २६ वटा विभिन्न आधुनिक भवन बनिसकेको र पूर्वाधार निर्माणको काम ९० प्रतिशत पूरा भइसकेको छ । १५० जना विद्यार्थी अटाउने कक्षाकोठा, ई–लाइब्रेरी भवन पनि निर्माण भइसकेका छन् । छात्राबासका लागि चार तले ४ वटा भवन पनि बनेको छ । दुईवटा भवन निर्माणको कार्य अन्तिम चरणमा छन् । कलेजमा अस्पताल सञ्चालनका लागि ६०० शय्याका दुईवटा भवन पनि छन्।

चिकित्सकको आवासका लागि चार/चार तलाका १३ वटा भवन तयार छन् । त्यतिमात्र होइन, बिरामी कुरुवा, शवघर, अक्सिजन प्लान्ट भवन, लाउन्ड्री भवन, क्यान्टिन, इलेक्ट्रोनिक भवन, अस्पताल र कलेजका प्रशासनिक गरी २६ बढी भवन निर्माण भइसकेका छन् । त्यस्तै, बाकि रहेको फर्निचर र विद्युत् जडानको कामका लागि टेन्डर आह्वान भइसकेको छ ।

कलेजभित्र पूर्वाधारका दुईवटा प्याकेजको काम मात्रै बाँकी रहेको छ । आन्तरिक सडक कालोपत्रे र फोहोर व्यवस्थापनको प्लान्ट जडान हुन बाँकी छ ।

हाल यस कलेजमा कार्यकारी निर्देशक-१, लेखा अधिकृत-१, इन्जिनियर-१, कम्प्युटर अपरेटर-१, कार्यालय सहयोगी-२ र चालक- २ गरी जम्मा ८ जना कर्मचारीहरु रहेका छन् भने सरकारले हालै ट्रमा सेन्टरका निर्देशक डा.प्रमोद जोशीलाई गेटा मेडिकल कलेजको अस्पताल निर्देशक नियुक्त गरेर पठाएको छ ।

**आवश्यकता:**

४२ जना विशेषज्ञ डाक्टर, २४ जना मेडिकल अधिकृत, करिब २ सय जना स्टाफ नर्स र प्यारामेडिक्स, प्रशासनिक कर्मचारीको दरबन्दी माग गरिएको छ ।

मुलुकभर सरकारी र निजी गरी २५ मेडिकल कलेज छन् । तर, सुदूरपश्चिममा एउटै मेडिकल कलेज नभएकाले गेटा मेडिकल कलेज सके सम्म चाँडो सञ्चालनमा आउनु एकदमै मनासिव देखिन्छ ।

**निश्कर्ष:**

गेटा मेडिकल कलेजलाई कुन मोडेलमा सञ्चालन गर्ने भन्ने अन्योलता देखिएको छ । सरकार गेटालाई मेडिकल कलेजका रूपमा सञ्चालन गर्नुपर्ने पक्षमा रहेको छ । सरकारको वार्षिक नीति तथा कार्यक्रममा

पनि गेटा मेडिकल कलेज र डडेल्धुरामा सञ्चालन गरिने मेडिकल कलेज सुदूरपश्चिम विश्वविद्यालयको सम्बन्धनमा सञ्चालनमा ल्याइने उल्लेख गरिएको थियो । तत्काल तीनसय शैंयाको अस्पताल संचालन गर्ने गरी स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयको प्रस्तावमा नेपाल सरकारले निर्देशक नियुक्त गरेको छ तर स्थानीय सरोकारवालाहरु, जनप्रतिनिधिहरु र बुद्धिजीवीहरूका अनुसार सुदूरपश्चिममा हेल्थ साइन्स युनिभर्सिटी बन्नुपर्छ भन्ने छ । गेटाका पूर्वाधार निर्माणमा शिक्षा मन्त्रालयले ५ अर्बको बजेट खर्च गरेको छ । आवश्यक दुई/अढाई अर्बको लगानी पनि शिक्षा मन्त्रालयले नै गर्ने भएको छ । यसरी शिक्षा मन्त्रालयले पूर्वाधार बनाउने, तर स्वास्थ्य मन्त्रालयलाई सञ्चालनको जिम्मा दिदा उचित नहुने भन्ने समेत स्थानीय बासिन्दा र बुद्धिजीवीहरुको आशय रहेको पाइयो ।

पूर्वाधार निर्माणको काम ९० प्रतिशत पूरा भइसकेको, थप पूर्वाधारका लागी आधार बनेको र मानव बिकासका दृष्टिले पछि परेको सुदूर पश्चिम प्रदेश, तीनै तहका जनप्रतिनिधि तथा नागरिक समाज र आम जनसमुदायको चाहना, शैक्षीक तथा भौतिक विकासमा क्षेत्रीय सन्तुलन लगायतका पक्षलाई दृष्टिगत गर्दा यो समितिका तर्फबाट निम्नानुसारको सिफारिस मनासिव देखिन्छ:

१. निर्माणाधिन भौतिक पूर्वाधारलाई तत्काल पूर्णता दिँदै आवश्यक उपकरण र जनशक्तिको व्यवस्था गरी तत्काल अस्पताल सेवा संचालन गर्ने ।
२. नेपालमा भौगोलिक तथा विषयगत विश्वविद्यालयहरु स्थापना र संचालनको क्रम चलिरहेको सन्दर्भमा विकासको क्षेत्रीय सन्तुलन तथा स्थानीय जनसमुदायको भावनालाई समेत कदर गर्दै गेटालाई स्वास्थ्य शिक्षाको बिषयगत विशिस्त्रीकरण हुने गरी चिकित्सा विश्वविद्यालयका रुपमा स्थापना र संचालन गर्न सकिने आधार देखिन्छ । यस सन्दर्भमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयलाई आवश्यक कार्य अघि बढाउन निर्देशन दिन उपयुक्त हुन्छ ।